**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 5, Volume 5, Issue 1, April 2023
Published by Sotang Public Campus

# पूर्वीय भाषिक चिन्तन परम्परामा त्रिमुनिका योगदान

**हेरम्वराज बास्तोला**

*Article History : Submitted 16 Jan. 2023; Reviewed 13 Feb. 2023; Accepted 25 March 2023*
*Author : Heramba Raj Bastola Email: hrambarajb@gmail.com*
*DOI: https://doi.org/10.3126/sotang.v5i1.65065*

**लेखसार**

*प्रस्तुत लेख त्रिमुनि को हुन् र पूर्वीय भाषिक चिन्तन परम्परामा उनीहरूको योगदान के हो ? भन्ने मूल प्रश्नका उत्तर खोज्ने कार्यमा केन्द्रित लेख पुस्तकीय अध्ययनकै आधारमा तयार पारिएको हो । पाणिनि, कात्यायन र पतञ्जलि पूर्वीय भाषिक चिन्तन परम्परामा केन्द्रीय व्यक्तित्व हुन् । पाणिनी विश्वकै सर्वाधिक वैज्ञानिक व्याकरण ग्रन्थ अष्टाध्यायीका रचनाकार हुन् । कात्यायन पाणिनीय व्याकरणका सम्पादक, र आदर्श व्याख्याता हुन् । कात्यायनको वार्तिक पाठ पाणिनिको अष्टाध्यायीलाई पूर्ण बनाउन रचिएको ग्रन्थ हो । पूर्वीय व्याकरण परम्परामा पाणिनिको चिन्तनमा पूर्णता ल्याउन नै कात्यायनको उपस्थिति भएको, पूर्वीय व्याकरण सूत्रको वैज्ञानिक प्रतिपादन पाणिनिले गरेका, अपूर्णता र अष्पस्टतालाई हटाएर स्पष्ट पार्ने काम वर्तिककार कात्यायनले गरेका र पतञ्जलिले योग दर्शन भन्ने गन्थ्र प्रकाशन गरी योगलाई जीवनसँग जोड्दै योगाभ्यासका सूत्रहरू प्रतिपादन गरेर योग शिक्षा मार्फत, भाषिक चिन्तनलाई उजागर गरेका जसले भाषिक चिन्तनका निष्कर्षहरू लोकसमाजमा प्रस्तुत हुन गई व्यवहारिक जीवनमा प्रयोग ब्यवहार हुन थालेको भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**मुख्य शव्द :** त्रिमुनि, अष्टाध्यायी, वार्तिक पाठ, महाभाष्य, पूर्वीय भाषिक चिन्तन ।

## विषय प्रवेश

प्रस्तुत लेख त्रिमुनि को हुन् र पूर्वीय भाषिक चिन्तन परम्परामा उनीहरूको योगदान के हो भन्ने मूल समस्यामा आधारित भई तयार पारिएको छ । यो लेख पाणिनि, कात्यायन र पतञ्जलीका भाषिक योगदान पर्गेल्ने उद्देश्यमा केन्द्रित भई तयार पारिएको छ । वर्णनात्मक विधिमा आधारित भई तयार पारिएको छ । यसका लागि पुस्तकालयीय कार्यमा आधारित भएर द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी तिनको व्यावहारिक समालोचना पद्धति अपनाएर अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

पूर्ववती विद्वानहरूका निष्कर्षलाई तथ्यका रूपमा अगाडि सार्दै उपयुक्त तर्कका आधारमा लेखकीय निष्कर्ष प्रस्तुत गर्ने प्रयास गरिएको छ । बहुल सत्यको दार्शनिक पृष्ठाधारमा रही तयार पारिएको प्रस्तुत लेखमा पूर्ववती विद्वानहरूले अघि सारेका दृष्टिकोण र निष्कर्ष हरूलाई ज्ञानका स्रोत मानी त्यहाँबाट निस्केको निष्कर्षलाई मूल्यका रूपमा ग्रहण गरिएको छ । यसप्रकार भरसक वैज्ञानिक विधि प्रयोग गरी प्रस्तुत अध्ययन कार्य सम्पन्न गरिएको छ ।

मानव सभ्यताका केन्द्रहरूमा प्राचीन कालदेखि नै भाषाको उत्पत्तिबारे जिज्ञासा विकसित भएको र ती जिज्ञासाको समाधानका निम्ति अनेकौँ विचारहरूको उत्पत्ति भएको कुरा सहज अनुमान लगाउन सकिन्छ । पूर्वीय भाषिक चिन्तनको इतिहासको मूल प्रवाह संस्कृत भाषिक चिन्तन नै हो । संस्कृत भाषाविज्ञान र व्याकरणको विकासको इतिहास अध्ययन गर्दा भाषाको उत्पत्तिबारे त्यहाँ खास केही भनिएको भेटिँदैन । वेदलाई अपौरुषेय ग्रन्थ मानिएको हुनाले पूर्वीय चिन्तकहरू वेद लेखिएको त्यो भाषा (वैदिक संस्कृत) लाई दैवी भाषा मान्दथे भन्न सकिन्छ । यद्यपि परिवेश र आसपासमा बोलिने संस्कृतेत्तर भाषाको उत्पत्तिका सम्बन्धमा केकस्ता विचार थिए भन्नेबारे भाषिक चिन्तन परम्परामा खास प्रामाणिक तथ्य भेट्न बाँकी छ । पूर्वीय वाङ्मयको अध्ययन परम्परा खोतल्दा सर्वप्राचीन कृतिका रूपमा ऋग्वेदलाई लिइएको पाइन्छ । वेदलाई देववाणी मान्ने र वेद मानव सभ्यताको अभिलेख मान्नेहरूको समानान्तर बहसको शृङ्खला पनि लामै छ । जेहोस् जसले वेदलाई अपौरुषेय र देववाणी ठान्दछ उसले भाषालाई दैवीप्रदत्त ठान्दछ । जसले चाहिँ वेदलाई मानव सभ्यता विकासको अभिलेख ठान्दछ उसले भाषालाई पनि मानव सभ्यताको उत्पत्ति र विकासमै सहसम्बन्धित तत्व ठान्दछ । यसरी हेर्दा भाषाका सम्बन्धमा पनि भाषा कसले दियो र भाषा कसरी उत्पन्न भयो ? भन्ने कर्तावादी र कारणवादी दृष्टिकोणको द्वन्द्व निरन्तर कायम छ भन्ने स्पष्ट छ । यस लेखमा भने वेदको उत्पत्तिका सम्बन्धका द्विमतलाई कोट्याउने भन्दा पनि पूर्वीय भाषिक चिन्तन परम्परामा पाणिनी कात्यायन र पतञ्जलीले केकस्ता योगदान दिए भन्ने सन्दर्भमा चर्चा गर्ने अभिप्राय निश्चित गरिएको छ ।

**त्रिमुनिपूर्वको भाषिक चिन्तन :**

पूर्वीय भाषिक चिन्तन परम्परामा भाषिक अध्ययनको सुरुवात त्यतिबेला भयो जुनबेला वैदिक भाषाको अन्त्य र लौकिक भाषाको सुरुवात हुन गयो । पूर्वीय चिन्तन परम्पराको अध्ययन गर्ने पाश्चात्य विद्वान्हरूले वैदिक भाषाको लोप नहोस् भन्ने उद्देश्यले निर्मित 'पदपाठ' लाई वेदपछिको पहिलो उठान मानेका छन् (पृ. ३९२) । पदपाठ गर्दा वैदिक सूक्तका पदहरूलाई छुट्याई स्वराघातयुक्त उच्चारणमा विचार गरिन्थ्यो । वैदिक सूक्तहरूको उच्चारणको शुद्धताको निर्णय गर्ने विभिन्न शाखाहरू थिए । यिनका संहिता पाठ र पदपाठसम्बन्धी कुराहरू प्रतिशाख्य ग्रन्थहरूमा उपलब्ध छन् । ऋक, साम र अथर्व वेदहरूका र यजुर्वेदका वाजसनेय तथा तैत्तिरीय प्रतिशाख्य पनि उपलब्ध छन् (बन्धु, २०६६) । त्यसपछि 'शिक्षा' मा ध्वनिको सैद्धान्तिक विवेचना गरिएको छ । शिक्षाको यस चरणमा आइपुगेपछि भने भाषिक चिन्तनले विभिन्न सम्प्रदायको विकास गरेको देखिन्छ । जस्तैः पाणिनीय, शिक्षा, भारद्वाज शिक्षा, यज्ञवल्क्य शिक्षा, स्वर व्यञ्जन शिक्षा आदि (तिवारी, १९७८) ।

निघण्टु वैदिक भाषाको सर्वाधिक चर्चित र महत्त्वको ग्रन्थ हो । वेदमा प्रयुक्त जटिल शब्द सङ्कलन गरिएको सङ्ग्रह नै निघण्टु हो । यसलाई वैदिक कोश पनि भनिन्छ । यद्यपि यसमा सङ्कलित शब्दका अर्थ भने दिइएका थिएनन् । (तिवारी, १९७८) म्याकडोनाल्डलाई उद्घृत गर्दै भन्छन् : यास्कका समयमा पाँच निघण्टु थिए । ती सबै निघण्टुको प्रयोग वैदिक शब्द सङ्कलनकै लागि थियो (पृ. ४५६) ।

निरुक्त निघण्टुमा उल्लिखित शब्दहरूको व्युत्पत्ति देखाउन यास्कद्वारा गरिएको सत्कर्म हो । जसमा जम्मा १२९८ शब्दका व्युत्पत्ति दिने प्रयास गरिएको छ । यसमा ८४९ शब्द पुरानैँ ढङ्गले र २२४ शब्दको वैज्ञानिक ढङ्गले अर्थ दिइएको छ भने २२५ शब्दको व्युत्पत्तिमा अस्पष्टता कायम छन् । त्यस युगमा गरिएको भाषासम्बन्धी त्यस तरहको अध्ययनलाई चानचुने मान्न सकिन्न । यास्कपछि आपिशलि, काशकृत्स्न जस्ता चिन्तकले भाषिक चिन्तन परम्परालाई डोऱ्याउँदै अघि बढाएको देखिन्छ ।

**पाणिनिका भाषिक योगदान :**

त्रिमुनि (पाणिनि, कात्यायन र पतञ्जलि) मध्ये पाणिनिको भूमिका सर्वाधिक महत्त्वपूर्ण देखिन्छ । तिवारी (१९७८) त पाणिनिलाई विश्वकै सबैभन्दा ठूला व्याकरणकार माने पनि अत्युक्ति हुँदैन भन्छन् (पृ. ४५९) । भाषाशास्त्रको सर्वाङ्गीण व्याख्या गर्ने महान विद्वान्का रूपमा पाणिनिलाई मान्न पूर्व तथा पश्चिमका विद्वान्हरू एकमत छन् । पाणिनिले संस्कृत भाषाको जति सूक्ष्म विवेचन गरेका छन्, त्यति विश्वका अन्य कुनै पनि भाषामा हुन सकेको छैन भन्दै द्विवेदी (२०१६) भन्दछन् : पाणिनिको व्याकरण पाश्चात्य भाषाशास्त्रीहरूका निम्ति पनि आदर्श ग्रन्थका रूपमा रहेको छ । त्यसकारण सबै मूर्धन्य भाषाशास्त्रीहरूले पाणिनिलाई असीम श्रद्धा व्यक्त गर्दछन् । पाणिनिले भाषाशास्त्रका अङ्गहरू ध्वनिविज्ञान, पदविज्ञान, वाक्यविज्ञान, अर्थविज्ञान तथा तुलनात्मक व्याकरणलाई धेरै अघि बढाए (पृ. ४५५) ।

पाणिनिलाई आहिक, शालंकि, दाक्षीपुत्र, शालातुरीय नामले पनि पुकारिन्थ्यो । शालातुरीय नाम उनको जन्मस्थान शालातुरका नामसँग जोडेर राखिएको मानिन्छ भने पतञ्जलीले एक प्रसङ्गमा दाक्षीपुत्र, पाणिनी भनी उल्लेख गरेको पाइन्छ (तिवारी, १९७८, पृ. ४५९) । यद्यपि पाणिनिको समय कुन हो भन्ने सम्बन्धमा विद्वान्हरूले प्रामाणिक मत अघि सारेको पाइन्न । तर पनि ईशापूर्व सातौँदेखि चौथो शताव्दीतिर नै यिनको समय हो भन्ने लामो समयखण्डमा भने लगभग सहमति देखिन्छ ।

अष्टाध्यायी पाणिनिको सर्वोत्कृष्ट रचना हो । यसमा लौकिक संस्कृतका अतिरिक्त वैदिक संस्कृतका व्याकरण पनि दिइएको छ । यो सूत्रपद्धतिमा लेखिएको छ । आठ अध्यायमा संरचित रहेकाले यस ग्रन्थको नामै अष्टाध्यायी भनिएको हो । यसमा ३९९७ सूत्र प्रस्तुत छन् । यसका विभिन्न अध्यायमा गरी सन्धी कारक, कृत् तथा तद्धित प्रत्यय, समास, सुवन्त, तथा तिङन्त प्रकरण, प्रक्रिया, परिभाषा, द्विरुक्त जस्ता विषयको विवेचना गरिएको छ । अष्टाध्यायीमा पाणिनिका सबै सूत्रहरू सङ्क्षिप्त सारपूर्ण र शङ्काररहित छन् भन्दै तिमिल्सिना (२०६७) भन्दछन् : अष्टाधयायीबाहेक पाणिनिले पाणिनीय शिक्षा, शिवसूत्र, प्रत्याहार सूत्र, धातुपाठ, गणपाठ, उषादिसूत्र र फिटसूत्र आदिका पनि रचना गरेका छन् । उनले भाषिक क्षेत्रका समग्र पक्षलाई साङ्गोपाङ्ग रूपमा विश्लेषण र विवेचना गरी यथार्थ, वस्तुनिष्ठ र ठोस निचोड निकाली भाषिक मार्ग तयार गरेको कुरा आजको भाषिक संसारले आत्मसात गरेको छ (पृ. २०) ।

पाणिनीय व्याकरणको मुख्य लक्ष्य तत् समयको जीवित भाषाको निरूपण गर्नु हो । तथापि यसमा वैदिक व्याकरणका अंश पनि समाविष्ट छन् (क्रिथ, १९६७, पृ. ५३३) ।

भाषाका सम्बन्धमा पाणिनिका योगदानलाई द्विवेदी (२०११) ले निम्नानुसार सूत्रवद्ध गरेका छन् :

१. **माहेश्वर सूत्र :** १४ माहेश्वर सूत्रमा संस्कृतको पूरै वर्णमाला दिइएको छ । यसको क्रम : स्वर, अन्तस्थ, पञ्चम, चतुर्थ, तृतीय, द्वितीय तथा प्रथम स्पर्श वर्ण, ऊष्म र ध्वनि छ । यो क्रम ध्वनि विज्ञानका दृष्टिले वैज्ञानिक मानिन्छ ।

२. **प्रत्याहार :** १४ सूत्रबाट अनेक प्रत्याहार बन्छन् । प्रत्याहारको अर्थ संक्षेप गर्ने विधि हो । यसद्वारा प्रारम्भिक तथा अन्तिम सङ्क्षेप लिनका लागि बीचका वर्ण वा प्रत्यय आदिको सङ्ग्रह हुन जान्छ । जस्तैः अच् = स्वर, अ से च तक, हल् = व्यञ्जन, ह से ल् तक । संक्षेपको यो विधि अत्यन्त उपयोगी मानिन्छ ।

३. **सन्धि नियम :** यसद्वारा ध्वनिविज्ञानको वर्ण परिवर्तनसम्बन्धी सिद्धान्तको विषद ज्ञान हुन्छ ।

४. **पदविज्ञान :** अङ्गाधिकार प्रकरणमा प्रकृति र प्रत्ययको सूक्ष्म विवेचना छ । सुवन्त र तिङन्त रूपमा अर्थ तथा सम्बन्ध तत्वको विस्तृत विश्लेषण गरिएको छ ।

५. ध्वनिलाई स्थान र प्रयत्नका आधारमा वैज्ञानिक वर्गीकरण गरिएको छ । यो ध्वनि विज्ञानका दृष्टिमा अत्यन्तै महत्त्वपूर्ण छ ।

६. सबै शब्दका आधार धातुलाई मानिएको छ । त्यसैका उपसर्ग वा प्रत्यय लागेर शब्द बन्छ ।

७. **अर्थविज्ञान :** कृत् तथा तद्धित प्रक्रियामा प्रत्येक प्रत्ययका अर्थ बताएर अर्थविज्ञानको आधार तयार पारिएको छ ।

८. **तुलनात्मक भाषाशास्त्र :** पाणिनिले वैदिक एवम् लौकिक संस्कृतिको तुलनात्मक अध्ययन गरेर तुलनात्मक भाषाशास्त्रको जन्म दिए । साथै प्राच्च, उदीच्य आदि भेदको उल्लेख हुनुले समकालीन क्षेत्रीय भाषाहरूको पनि तुलनात्मक अधययन प्रस्तुत गरे ।

९. **पारिभाषिक शब्दको निर्माण :** पाणिनिले टि, घु, घि, इत्, घ आदि पारिभाषिक शब्दबाट ससाना पारिभाषिक शब्दनिर्माणको आधारशीलात तयार पारे (पृ. ४५६) ।

यसरी हेर्दा पाणिनि वैदिक तथा लौकिक संस्कृतका सेतुका रूपमा देखिन्छन् । पूर्ववर्ती विद्वान्हरूका साधना कर्मलाई संयोजित गर्दै संस्कृत भाषिक चिन्तन परम्परामा केन्द्रीय स्थान बनाउन पाणिनी सफल देखिन्छन् । अष्ठाध्यायीमा उनले विवेचन गरेका सूत्र परम्परित, वैज्ञानिक तथा केही अस्पष्ट समेत थिए भनिन्छ तर तत् समयमा भाषिक चिन्तन परम्परामा त्यस हदको चिन्तन हुनु पूर्वीय भाषा विकासमा कम महत्त्वको कुरा होइन । उत्तरवर्ती विद्वान्हरू उनले निर्माण गरिदिएको निरन्तर साधनाको आधारभूमिमा थप योगदान गर्दै आएको कुरा इतिहासले सिद्ध गरेको छ ।

**कात्यायनका भाषिक योगदान :**

कात्यायनका सम्बन्धमा अध्ययन गर्न खोज्दा कुन कात्यायन भन्ने प्रश्न ज्वलन्त रूपमा अगाडि आउदो रहेछ । इतिहासमा कात्यायन नाममा धेरै पात्रहरू प्रभावपूर्ण अस्तित्वमा रहेका देखिन्छन् । पाण्डेय ( २००६) का अनुसार :

**पहिलो** कात्यायन विश्वामित्र कूलका थिए । श्रौत सूत्र, कात्यायन गृह्य सूत्र तथा प्रतिहार सूत्रको रचना गरेका थिए । स्कन्द पुराणको नागर खण्डमा भने यिनलाई यज्ञवल्क्यका पुत्र भनिएको छ ।

**दोस्रो** कात्यायन स्मृति लेख्ने यिनी गोमिल पूत्र थिए भनिएको छ ।

**तेस्रो** कात्यायन आफ्रेक्ट्को हस्तलिखित ग्रन्थ सूचीमा नाम उल्लेख भएका यी कात्यायन एक जैन स्थाविर थिए भनिएको छ ।

**चौथो** कात्यायन वुद्धले निर्वाण प्राप्त गरेको लगभग ३०० वर्ष पछि अस्तित्वमा रहेका यिनले पाली भाषाको व्याकरणमा योगदान पुऱ्याएका थिए । अंग्रेज विद्वानहरूका ग्रन्थमा यिनलाई कक्कायन वा कच्चायन भनी चर्चा गरिएको  पाइन्छ ।

**पाचौँ** कात्यायन पाणिनीय सूत्रका प्रशिद्ध वार्तिककार जो सोमदत्तका पुत्र थिए भनिएको छ (पृ:१५) ।

माथि चर्चा गरिएकामध्ये पाचौँ वा पाणिनी सूत्रका प्रशिद्ध वर्तिककार वररुची कात्यायनका भाषिक योगदानको चर्चा यहाँ गरिएको छ ।

**भाषिक योगदान :**

विकिपिडियाका अनुसार कात्यायन वररुची पाणिनीय व्याकरणकै लागि महत्वपूर्ण सिद्ध छन् । यिनको वार्तिकलाई अलग गरेर पाणिनीको व्याकरण पूर्ण हुन सक्दैन, यिनको वार्तिक पढेपछि केही तथ्यहरू अगाडि आउछन् : कात्यायन पाणिनिका अनुकर्ता थिए र अष्ठाध्यायीलाई उनले थप स्पष्ट पार्ने काम गरेका थिए । कसैकसैले भने कात्यायन पाणिनिका सशक्त आलोचक थिए भनी चर्चा गर्ने गरेको पनि पाइन्छ ।

विभिन्न विद्वानकृत् ग्रन्थहरुका स्रोत अघि सार्दै पाण्डेय (२००६) लेख्दछन् :

> कात्यायनले नै पाणिनिको व्याकरण उपर आफ्नो सुप्रशिद्ध वार्तिक लेखी अशुद्धि तथा अष्पस्टता हटाएर पूर्णता दिने काम गरेका हुन् । दुर्भाग्यवस केही आलोचकहरूले भने कात्यायनले अष्ठाध्यायीमा संशोधन सुझाव दिनुको अर्थ उनी पाणिनी प्रति वैरभाव राख्थे भनी बताएका छन् । यी आलोचकहरूका अनुसार अष्ठाध्यायीको उछित्तो काढ्ने उद्देश्यले कात्यायनले वार्तिक लेखेका हुन् । मैक्स मुलरले भने कात्यायनलाई पाणिनीय व्याकरणका सम्पादक भनेका छन् । वास्तवमा कात्यायन पाणिनीका सच्चा भक्त र आदर्श व्याख्याता हुन् ।  कात्यायनको वार्तिक पाठ पाणिनीको अष्टाध्यायीलाई पूर्ण बनाउन सहयोगी छन् (पृ. १६) ।

पूर्वीय व्याकरपण परम्परामा पाणिनिको चिन्तनमा पूर्णता ल्याउन नै कात्यायनको उपस्थिति देखिन्छ भन्ने कुरा डा. ए.वि. किथ (२०१६) ले स्पष्ट पारेका छन् । आफ्नो कृति संस्कृत साहित्यका इतिहासमा कतिपय विद्वानले दावी गरेजस्तो कात्यायन पाणिनिका छिद्रान्वेषी आलोचक थिएनन् बरु पाणिनिका सूत्रमा देखा परेका केही कमीलाई पूर्णता दिने काम गरे, भनेका छन् । पूर्वीय व्याकरण सूत्रको वैज्ञानिक प्रतिपादन पाणिनिले गरे भने अपूर्णता र अष्पस्टतालाई हटाएर स्पष्ट पार्ने काम वर्तिककार कात्यायनले गरे र त्यसको सन्दर्भपरक व्याख्यानको अभिभारा महाभाष्यकार पतञ्जलिले व्यहोरे । यसरी पूर्वीय व्याकरण परम्परामा पाणिनि कात्यायन र पतञ्जलिको भूमिका परिपुरक रहेको दावी यस पुस्तकमा गरिएको छ । पतञ्जली सम्मुख अष्ठाध्यायीका सूत्र सम्बन्धी वर्तिककार कात्यायनको वार्तिकका अतिरिक्त अन्य आलोचना ग्रन्थहरु उपलब्ध थिए तर अधिकतर उदाहरण कात्यायनका वार्तिकबाट हुनुले यसको गुणस्तर पुष्टि हुन्छ (पृ.५३६) ।

पाणिनिका उत्तरवर्ती वैयाकरणहरूमध्ये कात्यायनको प्रथम स्थान रहेको बताउदै द्विवेदी (२०१६) कात्यायनले पाणिनीकृत् अष्टाध्यायीका सूत्रमा आवश्यक संशोधन, परिवर्तन तथा परिवर्द्धनका लागि जुन नियम बनाए त्यसलाई वार्तिक भनियो । काव्य मिमांसा, पृ.५ मा वार्तिकको विशेषता वताउदै भनिएको छ : "उक्तानुक्तदुरुक्त-चिन्ता वार्तिकम" भन्ने उल्लेख गरेका छन् (पृ. ४५६) । यसमा उक्तको अर्थ, वर्णित नियमका अपवादको वर्णन, अनुक्तको अर्थ छुटेका नियमहरूको उल्लेख र दुरुक्तको अर्थ भूल भएका कुराहरूको सुधार हो । कात्यायनले पाणिनिका सूत्रमा छुटेका कुरा उल्लेख गरे, अपवादका वर्णन गरे र भूलचुक भएका ठाउँमा सुधार गरे । भन्दै, द्विवेदीले कात्यायनका भाषा शास्त्रीय योगदानलाई निम्नानुसार सूत्र वद्ध गरेका छन् :

**भाषामा विकास :** पाणिनिले आफ्नो समयको भाषिक प्रचलनमा आधारित भई पाणिनीय सूत्र प्रतिवादन गरेका थिए कात्यायनको समयसम्म आइपुग्दा भाषामा नयाँनयाँ शब्दहरू विकासित भई आएका थिए । कात्यायनले ती नयाँ शब्दहरूको पनि विवेचना गरे ।

**लोक व्यवहारलाई महत्व :** कात्यायनले शब्द र अर्थको अन्तरसम्बन्ध केलाउदा लोकव्यवहारलाई प्रधानता दिए भाषाको प्रमुख नियामक व्याकरणशास्त्र नभएर लोक वा दुनियाँ हो भन्ने उनको मान्यता थियो ।

**फरक भाषा/विभाषाको प्रभाव :** एउटै शब्दले विभिन्न भाषामा फरक फरक अर्थ दिन सक्दछ । जस्तै संस्कृतमा 'शव' को अर्थ लाश हुन्छ र कम्वोज मा जानु अर्थ हुन्छ, यसरी विभिन्न भाषाबीच तुलनात्मक अध्ययन गरे ।

**शब्द र अर्थको सम्बन्ध :** यस्तो शब्दमात्र प्रयोग हुन्छ जसको कुनै न कुनै अर्थ हुन्छ ।

शर्मा र शर्मा (२००४) ले कात्यायनलाई पाणिनीका समकालीन बताएका छन् । पाणिनिले अष्ठाध्यायी लेखेर अवलोकनका लागि कात्यायनकहाँ पठाए । कात्यायनले अष्ठाध्यायीमा १५०० स्थानमा सुधार गर्न सिफारिस गरे सोही सिफारिस नै वार्तिक ग्रन्थका रूपमा प्रशिद्ध भयो । भन्ने उनीहरूको भनाइ रहेको छ (पृ. ३००) ।

तिवारी (१९९४)का अनुसार पाणिनीको अष्टाध्यायीको रचनाको लगभग दुई शताब्दी पछि कात्यायनकृत् वार्तिकको जन्म भएको हो । यस दुई सय वर्षको अवधीमा भाषामा काफी फेरवदल आयो । जसले पाणिनीय सूत्रमा अपर्याप्तता देखा पर्‍यो । अब त्यस सूत्रलाई समयानुकूल र तत्कालीन लोकभाषानुरूप बनाउनु, केही अपर्याप्तता पूर्ति गर्नु, सीमित सूत्रलाई विस्तार गर्नु र अनुपयुक्तलाई सच्याउनु पर्ने भयो, जुन आवश्यकता कात्यायनले परिपूर्ति गरे, यसलाई वार्तिक भनियो । यस प्रकार वार्तिक अष्ठाध्यायीको संशोधन वा पुरक हो (पृः ४७९) ।

पाणिनिभन्दा उत्तरवर्ती पाणिनि परम्पराका वैयाकरणहरूमा महर्षि कात्यायन अग्रस्थानी मानिन्छन् भन्दै रेग्मी (२०७३) ले भनेका छन् : कात्यायनले पाणिनीय सूत्रको स्पष्टीकरणका लागि वार्तिक अर्थात उपसूत्रहरूको रचना गरेका हुन् । कात्यायनको वार्तिक पाठ वा सूत्रविना पाणिनीय व्याकरण अपूर्णजस्तै हुने भएकाले यो पाणिनीय व्याकरणको अत्यन्त महत्त्वपूर्ण अङ्ग मानिन्छ (पृ : २८६) ।

बन्धु (२०७३) ले कात्यायनलाई पाणिनीय अष्ठाध्यायीलाई समसामयिक तुल्याउन योगदान गरेका मनिषिका रूपमा चिनाउदै भाषा र अर्थ लोक व्यवहारबाट निर्धारित हुन्छ भन्ने मान्यता राख्ने विद्वानका रूपमा चिनाएका छन् ।  वार्तिकका अतिरिक्त उनका कात्यायनी शिक्षा, तैतिरीय प्रतिशाख्य र वाजसनेय प्रतिशाख्य जस्ता कृतिहरु रहेको पनि उल्लेख गरेका छन् (पृ. ३७४) ।

कात्यायनका भाषिक योगदानको चर्चा गर्दै पाण्डेय (२००६) अभ्र लेख्छन् :

> वर्तिककार कात्यायन उच्च कोटीका निष्पक्ष सूत्रसमीक्षक हुन् । सूत्रकारको अन्ध समर्थन र छिद्रान्वेषण दुवै उनमा नभएका गुण हुन् । उपेक्षा गर्नै नसकिने तथ्य यो छ कि : पातञ्जल महाभाष्य जस्तो ललित र तर्कपूर्ण व्याख्याको मूलका रूपमा कात्यायानको वार्तिक रहेको छ । कात्यायनले, उत्सर्ग, अपवाद, प्रतिषेध निपातन, स्थानी आदेश, लिङ्गानुशासन आदि सामान्य तथा विशेष प्रकारका आफ्ना व्याख्यालाई दार्शनिक रङ दिएका छन् । अत: संस्कृत भाषा तथा वाङ्मयका क्षेत्रमा कात्यायनको योगदानलाई विर्सदा एउटा अपूरणीय रिक्तता सामु आउछ (पृ. १६) ।

पाणिनिका सूत्रहरूको शास्त्रीय पृष्ठभूमिको तुलनात्मक समीक्षा र अस्पष्टताको निराकरण गर्ने श्रेय कात्यायनलाई छ भन्दै, (गौतम र अन्य २०६७) ले अष्ठाध्यायीमा आधारित करिव चार हजार वार्तिक बनाएको सूचना पाइन्छ भनेका छन् ।

**पतञ्जलिका भाषिक योगदान :**

पाणिनि सम्प्रदायका व्याकरणकारका रूपमा पतञ्जलि पनि उत्तिकै परिचित छन् । पाणिनीय व्याकरण परम्परामा पाणिनि, कात्यायन र पतञ्जलिलाई मुनित्रयको संज्ञाले सम्बोधन गरिन्छ । यसको अर्थ हुन्छ - पाणिनीय व्याकरणको परिपूर्णतामा यी तीन मुनिको सशक्त योगदान रहेको देखिन्छ (आचार्य, २०७२, पृ.३६) । पतञ्जलि पाणिनि र कात्यायन पछिका ठूला व्याकरणकार हुन् । यिनको जन्म इशापूर्व दोस्रो शताब्दीतिर भारतको उत्तर प्रदेश अन्तर्गत गौन्डा भन्ने ठाउँमा भएको अनुमान गरिन्छ । पतञ्जलिको

अर्को नाम गोणिका पुत्र हो । कैयट, नागेश आदिले यिनलाई गोनर्दीय पनि भन्ने गरेको उल्लेख भेटिन्छ । यिनले आफ्नो महाभाष्यमा धेरै ठाउँमा कश्मिरी शब्द प्रयोग गरेका हुँदा यिनी कश्मीर क्षेत्रका हुन् कि भन्ने अड्कल पनि गरिएको देखिन्छ । पूर्वीय भाषिक परम्परामा पतञ्जलिको महत्वपूर्ण योगदान रहेको पाइन्छ । उनको प्रमुख कृति भनेको महाभाष्य हो । अन्य ग्रन्थहरूमा योग सूत्र, निदान सूत्र, महानन्द महाकाव्य आदि पर्दछन् । महाभाष्यलाई भाषिक चिन्तनको अनुपम ग्रन्थ मानिन्छ । प्राणिनीद्वारा प्रस्तुत व्याकरण सूत्रको विस्तृत व्याख्या एवम् भाष्य तयार पारेकाले यिनलाई भाष्यकारका रूपमा पनि चर्चा गरिएको पाइन्छ । खासमा पतञ्जलिले पाणिनिको अष्टाध्यायी र कात्यायनले अष्टाध्यायी माथि उठाएका प्रश्नहरूको जवाफ दिदैँ महाभाष्य रचना गरेको देखिन्छ । यस कृतिमा व्याकरण जस्तो कठिन विषयको पनि सरस विश्लेषण गरिएको पाइन्छ ।

पतञ्जलिको महाभाष्य आठ अध्याय र चार पादमा विभक्त छ । यसमा पाणिनिका सूत्रहरू र कात्यायनका वार्तिकहरूमा सामञ्जस्य कायम गर्ने प्रयत्न गरिएको पाइन्छ । महाभाष्यमा पाणिनिको अष्टाध्यायीको व्याख्या विश्लेषण र कात्यायनको वार्तिकको चर्चा मात्र गरिएको छैन, यसमा पतञ्जलिकै मौलिक चिन्तन पनि पर्याप्त मात्रामा पाइन्छ ।

पूर्वीय भाषिक परम्पराको उत्थान र विकासमा पतञ्जलीको महत्वपूर्ण योगदान रहेको कुरा भाषिक इतिहासको अन्वेषणबाट जानकारी हासिल गर्न सकिन्छ । पतञ्जलिले मौलिक ग्रन्थहरू रचना नगरे पनि उनको भाषाशास्त्रीय चिन्तन उच्च कोटिको देखिन्छ (आचार्य, २०७२ पृ. ४२) ।

पतञ्जलिको समयमा संस्कृत भाषा तीव्र गतिमा परिवर्तित हुन थालिरहेको थियो र संस्कृतका विभिन्न स्थानीय भेदहरू बढ्दै गइरहेका थिए त्यस्तो अवस्थामा संस्कृतका परिवर्तित भाषिक रूपहरूलाई व्याकरणको अनुशासनमा आवद्ध गरी भाषालाई व्याकरणसम्मत बनाउने जटिल कार्य पतञ्जलिले गरेको देखिन्छ । यसबाट भाषिक विचलन न्यूनीकरण भई व्याकरणसम्मत भाषिक एकरूपता कायम भएको देखिन्छ । यसलाई पनि पतञ्जलिको उलेख्य भाषिक योगदानका रूपमा लिइन्छ ।

पतञ्जलिले आफ्नो कृति महाभाष्यमा चत्वारि वाक्को अर्थ स्पष्ट पारी नाम, आख्यात, उपसर्ग र निपातलाई चार प्रकारका पदमा विभाजन गरेका छन् । नाममा द्रव्यको प्रदानता हुन्छ, आख्यातमा क्रियाको प्रधानता हुन गई अर्थ बोध गरिन्छ भने उपसर्गहरू नाम र आख्यातका साथ आएर तिनको अर्थको द्योतन गर्दछन् भन्ने कुरालाई पतञ्जलिले प्रस्ट्याएका छन् । त्यस्तै निपातहरूले पनि विभिन्न अर्थको उद्बोधन गर्दछन् भन्ने कुरालाई सरल ढङ्गले प्रस्ट्याउने काम उनले गरेका छन् । यसलाई भाषिक चिन्तनको उल्लेख्य उपलब्धिको रूपमा लिइन्छ ।

पतञ्जलिको महाभाष्यलाई पूर्वीय भाषिक चिन्तनको महत्त्वपूर्ण आधारस्तम्भका रूपमा लिइन्छ । यसमा शिक्षा, निरुक्त, व्याकरण र दर्शन आदि विषयहरूलाई एकीकृत गरी भाषिक अध्ययनलाई विज्ञानको स्वरूपमा ढाल्ने कार्य गरिएको देखिन्छ । यसलाई उनको अर्को महत्वपूर्ण भाषिक योगदानको रूपमा लिन सकिन्छ । महाभाष्यमा विभिन्न सरलता र उच्च वौद्धिकतालाई उत्तिकै ध्यान दिई चूर्णिका र तन्डर शैली

पनि अनुशरण गरिएको देखिन्छ (वन्धु २०७०, पृ. १५) । यसर्थ महाभाष्यमा सरल, सुवोध्य गहिराइमा पुगेर पर्याप्त व्याख्या र विश्लेषण गर्ने काम पतञ्जलिबाट भएको देखिन्छ । यसमा ध्वनि, वर्ण वाक्य, शब्द र अर्थ तहमा भाषिक विश्लेषण गरिएको छ, जुन सान्दर्भिक र महत्वपूर्ण मानिन्छ ।

पतञ्जलिको भाषाशास्त्रीय चिन्तनमा व्याकरणको दार्शनिक पक्षको स्थापना, स्फोट सिद्धान्तको स्थापना, शब्द र अर्थको स्वरूप निर्धारण, विभाषाहरूको र लोक व्यवहारमा प्रयुक्त भाषाको महत्व प्रतिपादन गर्नुको साथै ध्वनिविज्ञान, निर्वचन, व्याकरण र दर्शनमा समन्वय स्थापना जस्ता विषय प्रमुख रूपमा समावेश भएको देखिन्छ । जसले पूर्वीय भाषिक परम्परालाई निकै फराकिलो पार्नुको साथै भाषाको परिवर्तित सन्दर्भको स्वरूप निर्धारण गर्ने कार्य गरेको देखिन्छ जुन पूर्वीय भाषिक चिन्तनको आधार स्तम्भका रूपमा आजसम्म प्रतिष्ठित रहेको छ । पतञ्जलिले योग दर्शन भन्ने गन्थ्र प्रकाशन गरी योगलाई जीवनसँग जोड्दै योगाभ्यासका सूत्रहरू प्रतिपादन गरेर योग शिक्षा मार्फत, भाषिक चिन्तनलाई उजागर गरेको देखिन्छ (प्रश्रित २०६९, पृ. ३१) । जसले भाषिक चिन्तनका निष्कर्षहरू लोकसमाजमा प्रस्तुत हुन गई व्यवहारिक जीवनमा प्रयोग ब्यवहार हुनथाल्यो । यसरी माथि उल्लेखित कार्यहरूको विश्लेषण गर्दा पूर्वीय भाषिक परम्परामा पतञ्जलिको विशिष्ट योगदान रहेको स्पस्ट हुन्छ ।

## निष्कर्ष

पाणिनी पूर्वीय भाषिक चिन्तन परम्पराका शीर्षस्थ व्यक्तित्व हुन् । अष्टाध्यायीको रचनामार्फत उनले संस्कृत भाषालाई वैज्ञानिक पद्धतिमा पदार्पण मात्र गराएनन् वैदिक र लौकिक संस्कृत बीच सम्पर्क सेतुको भूमिकासमेत निर्वाह गरे । कात्यायन वररुची पाणिनीय व्याकरणकै लागि महत्त्वपूर्ण सिद्ध छन् । यिनको वार्तिकलाई अलग गरेर पाणिनीको व्याकरण पूर्ण हुन सक्दैन ।

कात्यायन पाणिनीका अनुकर्ता थिए र अष्ठाध्यायीलाई उनले थप स्पष्ट पार्ने काम गरेका थिए । कात्यायनले नै पाणिनीको व्याकरण उपर आफ्नो सुप्रशिद्ध वार्तिक लेखी अशुद्धि तथा अष्पस्टता हटाएर पूर्णता दिने काम गरेका हुन् । विद्वानहरूले कात्यायनलाई पाणिनीय व्याकरणका सम्पादक भनेका छन् । कात्यायन पाणिनीका सच्चा भक्त र आदर्श आदर्श व्याख्याता हुन् । कात्यायनको वार्तिक पाठ पाणिनीको अष्टाध्यायीलाई पूर्ण बनाउन सहयोगी छन् । पूर्वीय व्याकरण परम्परामा पाणिनीको चिन्तनमा पूर्णता ल्याउन नै कात्यायनको उपस्थिति देखिन्छ । पूर्वीय व्याकरण सूत्रको वैज्ञानिक प्रतिपादन पाणिनीले गरे भने अपूर्णता र अष्पस्टतालाई हटाएर स्पष्ट पार्न वर्तिककार कात्यायनले गरे र त्यसको सन्दर्भपरक व्याख्यानको अभिारा महाभाष्यकार पतञ्जलीले व्यहोरे र यसरी पूर्वीय व्याकरण परम्परामा पाणिनी कात्यायन र पतञ्जलीको भूमिका परिपुरक रहेको सपष्ट हुन्छ । पाणिनीका उत्तरवर्ती वैयाकरणहरू मध्ये कात्यायनको स्थान प्रथम रहेको विद्वानहरूको मत छ । कात्यायनले पाणिनीका सूत्रमा छुटेका कुरा उल्लेख गरे, अपवादका वर्णन गरे र भूलचुक भएका ठाउँमा सुधार गरे र पूर्वीय व्याकरणलाई पूर्णता दिने काम गरे । अष्ठाध्यायीलाई कात्यायनले समसामयिक बनाए, लोक व्यवहारलाई प्रधानता दिए विभिन्न भाषाबीच तुलनात्मक अध्ययन गरे साथै शब्द र अर्थको अन्तरसम्बन्ध केलाए । कतिपयले कात्यायनलाई पाणिनीका समकालीन बताएका

छन् भने कतिले पाणिनीको अष्टाध्यायी रचनाको लगभग दुई शताब्दी पछि कात्यायनकृत वार्तिकको जन्म भएको दावी गरेका छन् । जे होस् कात्यायनलाई पाणिनीय अष्ठाध्यायीलाई समसामयिक तुल्याउन योगदान गरेका मनिषिका रूपमा भने सबैले स्वीकार गरेका छन् । पाणिनीका सूत्रहरूको शास्त्रीय पृष्ठभूमिको तुलनात्मक समीक्षा र अस्पष्टताको निराकरण गर्ने श्रेय कात्यायनलाई छ ।

पूर्वीय भाषिक परम्परालाई जीवन्तता दिने व्याकरणकारका रूपमा पतञ्जलिको नाम अग्रपङ्क्तिमा आउँछ । विशेषत: पाणिनि सम्प्रदायमा मुनित्रय मध्येका एक मानिने पतञ्जलिले पाणिनिको अष्टाध्यायीका हरेक सूत्रको व्याख्या विश्लेषण सरल र सरस ढङ्गले गरी कात्यायनका वार्तिकलाई एकीकृत गरी महाभाष्य ग्रन्थ तयार पारेको देखिन्छ । महाभाष्य पतञ्जलिको भाषिक चिन्तन सम्बन्धी महत्वपूर्ण ग्रन्थ मानिन्छ । पूर्वीय दर्शनमा यस कृतिलाई भाषिक स्तम्भका रूपमा लिइन्छ । महाभाष्य लगायत योगसूत्र, निदानसूत्र, सिद्धान्त सारावली, महानन्द आदि यिनका अन्य कृतिहरू मानिन्छन । भाषाशास्त्रीय चिन्तनमा आधारित भएर यिनले व्याकरणको दार्शनिक पक्ष, स्फोट सिद्धान्तको प्रतिपादन शब्द र अर्थको स्वरूप निर्धारण जस्ता महत्वपूर्ण कार्य गरी पूर्वीय भाषिक परम्परालाई उच्च कोटीमा पुऱ्याउने कार्य गरेका छन् ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्राज (२०७४), *साठी वर्षको भाषिक चर्चा,*(सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

आचार्य कृष्णप्रसाद (२०६४) *भाषाविज्ञान,* क्षितिज प्रकाशन ।

आचार्य, व्रतराज (२०७२), *पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन,* रत्न पुस्तक भण्डार ।

किथ, ए.बी. (सन् २०१६) *संस्कृत साहित्यका इतिहास,* मोतीलाल बनारसीदास ।

गौतम, देवीप्रसाद र चौलागाइँ प्रेमप्रसाद (२०६७) *भाषाविज्ञान,* पिनाकल पव्लिकेसन ।

द्विवेदी, कपिलदेव (२०१६) *भाषाविज्ञान एवं भाषाशास्त्र,* विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि, न्यौपाने दीपक र घिमिरे तुल्सीराम, (२०६७) *सामान्य भाषाविज्ञान,* सनलाइट पब्लिकेशन ।

पाण्डेय, कैलाश नाथ (२००६) *भाषाविज्ञानका रसायन,* साहित्य संसद ।

प्रश्रित, मोदनाथ (२०६९), *योग र राजनीति, दर्शन दृष्टि,* वर्ष २, अंक १ पूर्णाङ्क ३ पृष्ठ-३१ ।

बन्धु, चूडामणि (२०७०), *भाषा विज्ञानका सम्प्रदायक,* थापाथली, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।

.............. (२०७३) *भाषाविज्ञान,* साझा प्रकाशन ।

शर्मा, देवेन्द्रनाथ र शर्मा दीप्ति, (२००४) *भाषाविज्ञानकी भूमिका,* राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।